# इन्द्रावती गाउँपालिका
# स्थानीय पाठ्यक्रम – २०७७

## विषय : इन्द्रावती परिचय
## कक्षा ५

| क्षेत्र | सिकाइउपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १.इन्द्रावतीको भूगोल र प्राकृतिक सम्पदा | १.सिन्धुपाल्चोक जिल्लाको अवस्थिति र परिचय लेख्न । | सिन्धुपाल्चोक जिल्लाको अवस्थिति-<br>- समुन्द्र सतहदेखिको उचाई ......मि<br>- धरातलीय स्वरुप<br>- क्षेत्रफल २५४२ व.कि.मि<br>- चारकिल्ला<br>पूर्व - चीनको तिब्बत र दोलखा जिल्ला<br>पश्चिम : काठमाडौं र नुवाकोट<br>उत्तर : रसुवा र चीनको तिब्बत<br>दक्षिण: काभ्रे र रामेछाप जिल्ला<br>- अधिकत्तम र न्यूनतम तापक्रम<br>- अधिकत्तम र न्यूनतम वर्षा आदि<br>जनसंख्या : २८७८१८ (०६८) | - नक्सा देखाएर सिन्धुपाल्चोक जिल्लाको वरिपरी रहेका छिमेकी जिल्लाहरू/ खोला नदी वा पहाड हिमालको नाम भन्न लगाउने ।<br><br>- सिन्धुपाल्चोकको क्षेत्रफल, अधिकत्तम र न्यूनतम तापक्रम र औसत तापक्रम र अधिकत्तम, न्यूनतम र औसत वर्षाको अवस्था चार्ट देखाइ स्पष्ट पार्ने । | सिन्धुपाल्चोक जिल्लाको सबै स्थानीय तहहरू अंकित नक्सा,<br>भिडियो वा फोटोहरू<br><br>आवश्यक जानकारी अङ्कीत चार्टहरू । | सिन्धुपाल्चोक जिल्लाका वरिपरी कुन कुन जिल्ला वा देश रहेका छन् ?<br>सिन्धुपाल्चोकका प्रसिद्ध खोला,नाला, पहाड पर्वतहरू कुन कुन हुन् ?<br><br>नेपालको नक्शामा सिन्धुपाल्चोकको क्षेत्रफल कति ब.कि.मि रहेको छ ?<br><br>कक्षा क्रियाकलापका आधारमा मूल्याङ्कनगर्ने । | १० |
| | २.सिन्धुपाल्चोक | सिन्धुपाल्चोक जिल्लाभित्र | सिन्धुपाल्चोक जिल्लाभित्रका मुख्य | फोटाहरू, चार्ट आदि | | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जिल्लाका दुईवटा मुख्य प्राकृतिक सम्पदाको परिचय लेख्न । | रहेका मुख्य प्राकृतिक सम्पदाहरू ।<br>जस्तैः<br>इन्द्रावती, भोटेकोशी, सुनकोशी नदी, हेलम्बु, पाँच पोखरी, लाक्पादोर्जे हिमाल (६६३५ मी), लेन्पोगाङ हिमाल(६६३३ मि) जुगल हिमाल (.....मि) | प्राकृतिक सम्पदाहरूको सूची तयार गर्नका लागि समूह विभाजन गर्ने ।<br>( नदीनाला, पहाड पर्वत, झरना आदि समूह विभाजन गर्ने ।)<br><br>- प्राप्त नामहरू बोर्डमा टिप्ने ।<br>ती नामहरू मध्ये इन्द्रावती नदी र लाक्पादोर्जे हिमालको बारेमा परिचय भन्न र लेख्न समूह कार्य गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br><br>शिक्षकले आवश्यक सहजीकरण गर्ने ।<br><br>सम्भव भए परिचयका लागि चयन भएका प्राकृतिक सम्पदाहरूको अवलोकनका लागि भ्रमण गराउने ।<br><br>परियोजना कार्यका रूपमा प्रतिवेदन लेखाउने । | | इन्द्रावती गा.पा.भित्रका मुख्य प्राकृतिक सम्पदाहरू के के हुन् ?<br><br>.......... को विशेषता बताउनुहोस् ।<br><br>समूह कार्यमा सक्रियताका आधारमा मूल्यांकन गर्ने । | |
| २.स्थानीय बिभिन्न जातजाति, व्यक्तित्व र जनसंख्या | ३.स्थानीय समाजसेवीहरूको सूची तयार गरी कुनै एक व्यक्तिको जीवनी तयार गर्न ।<br><br>४.इन्द्रावती गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको परिचय | पहिचान गरिएका निम्नलिखित विशिष्ट व्यक्तिहरू<br>क.<br>ख.<br><br>इन्द्रावती गा.पा.का अध्यक्ष र उपाध्यक्षको परिचय | - उल्लेखित व्यक्तित्वहरूको फोटो देखाएर कसको फोटो हो भनी सोध्ने ।<br>- विद्यार्थीबाट आएको जानकारीको परीक्षण गरी परिचय बताउने ।<br>- परिचय लेख्न लगाउने ।<br><br>- अध्यक्ष र उपाध्यक्षको फोटो देखाएर निजहरूका बारेमा सोध्ने । | फोटोहरू<br>जीवनी झल्कने चार्टहरू<br>जनसङ्ख्या, जातिगत अवस्थिति र साक्षरताको अवस्था उल्लेख भएका चार्टहरू | १. .......को सङ्क्षिप्त परिचय दिनुहोस् ।<br><br>२. तपाईको गाउँपालिकाको अध्यक्ष/ उपाध्यक्षको नाम के के हुन् ? | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दिन ।<br><br>५.इन्द्रावतीको जातिगत जनसङ्ख्या, पेशा, व्यवसायको विशेषता बारे जानकारी दिन । | इन्द्रावती गाउँपालिकाको जातिगत अवस्थिति र जातिगत रूपमा गर्दै आएका मुख्य पेशा | - आएको जवाफ बोर्डमा लेख्ने ।<br>- नाम, उमेर, आवद्ध पार्टी, प्राप्त मत, विकास निर्माणमा भूमिका आदि बारे बताउने ।<br><br>- इन्द्रावती गा.पाको कूल जनसङ्ख्याको जातिगत अवस्थिति बारे चार्ट देखाएर जानकारी दिने । | | ३. इन्द्रावती गापाको कुल जनसङ्ख्याको जातिगत अवस्थिति कस्तो रहेको छ ? आदि | |
| ३.ऐतिहासिक र धार्मिक सम्पदाहरू | ६.सिन्धुपाल्चोक जिल्लाका प्रमुख धार्मिक स्थलहरूको सूची तयार गर्न । | ७.निम्नलिखित स्थानीय मठ, मन्दिर तथा प्रमुख धार्मिक स्थलहरूको बारेमा जानकारी -<br>सुनकोशी महादेव, पाल्चोक भगवती तातोपानी<br>मेनज्युङ, आमा याङ्गरी, छे भुम्पा आदि | - फोटो/भिडियो देखाएर उल्लेखित धार्मिक स्थलहरूको बारेमा जानकारी गराउने ।<br><br>- अवलोकन भ्रमणमा लैजाने ।<br>- समूहगत रूपमा परियोजना कार्य गराइ कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने<br>- धार्मिक सम्पदा किन संरक्षण गर्नुपर्छ र संरक्षणमा स्थानीय समुदायले गर्नुपर्ने भूमिका बारे छलफल गराउने ।<br>-छलफलबाट आएका बुँदाहरू बोर्डमा टिप्ने ।<br>- उल्लेखित सम्पदाको चित्र कोर्न लगाउने । | फोटोहरू, भिडियो आदी ।<br><br>धार्मिक सम्पदा सम्पदा संरक्षणमा स्थानी जनसमुदायको भूमिका उल्लेख भएको चार्ट । | - ........को परिचय दिनुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.स्थानीय चाँडपर्व | ७.स्थानीय रूपमा मनाउने गरिदैं आएका चाँडपर्वका बारेमा अनुच्छेद लेख्न । | स्थानीय रूपमा मनाउने गरिदैं आएका जस्तै : आइतबारे पूजा,छेवार, पास्नी, गुल्पु धाँली क्रिया, घ्याङग्रम, गुन्यूचाली आदि । | - चाँडपर्वको सामान्य परिभाषा बताउने<br>- उल्लेखित नामका चाँडपर्वको बारेमा विद्यार्थीको जानकारीमा रहेको कुरा बताउन लगाउने<br>- उक्त पर्वहरू मनाएको नाटकीकरण गराउने ।<br>- शिक्षकले थप सहजीकरण गर्ने | चाँडपर्वको नाम उल्लेख भएको चार्ट, स्थानीय रूपमा चाँडपर्व मनाउँदै गरेका चित्रहरू, चाँडपर्वको नाम लेखिएका मेटाकार्डहरू र सोको सङ्क्षिप्त परिचय भएको चार्ट, भिडियो क्लिपहरू | कुनै दुईवटा पर्वको परिचय दिनुहोस् ।<br><br>कक्षाकार्यमा सक्रियताका आधारमा मूल्याङ्कन गर्ने । | ८ |
| ६.स्थानीय बोलीचाली | ८.स्थानीय भाषामा कविता, चिठी, निबन्ध, कथा आदि लेख्न । | क. स्थानीय भाषामा वाक्य सङ्गति मिल्ने गरी बोल्न र लेख्नका लागि व्याकरणात्मक ज्ञान हुने गरी क्रियाकलाप गर्ने ।<br><br>सांस्कृतिक वा प्राकृतिक सम्पदाको स्थानीय भाषामा जानकारीमूलक चिठी, निबन्ध, कथा आदि रचना | - चिठी, निबन्ध, कथा कविता बारे जानकारी गराउने<br>- नमूना लेखन गरी देखाउने<br>- अभ्यासका लागि अनुवाद गराउने ।<br>- कक्षामा भएका विभाषी विद्यार्थीहरूलाई अभ्यासका लागि स्थानीय भाषी विद्यार्थीको जोडा बनाइ दिने ।<br>- विद्यार्थीका सिर्जनालाई कक्षामा र विद्यालयले आयोजन ागर्ने साहित्य गोष्ठीमा वाचनको अवसर दिने ।<br>- आवश्यकताका आधारमा शिक्षकले सहजीकरण गर्ने । | - नमूना साहित्यहरू<br>- स्थानीय भाषामा कुराकानी गरिएका श्रव्यदृश्यका सामग्री | विद्यार्थीबाट भएको सिर्जनाका आधारमा अङ्क प्रदान गर्ने । | १२ |
| ७.स्थानीय गीत, बाजागाजा र नाच | ९.स्थानीय क्षेत्रमा बजाइने पञ्चेबाजाको परिचय दिन ।<br><br>१०.रत्यौली नाचको सामान्य जानकारी दिन र नमूना प्रस्तुत गर्न । | स्थानीय क्षेत्रमा बजाइने पञ्चेबाजाको परिचय<br><br>रत्यौली नाचको सामान्य जानकारी | - स्थानीय बाजाहरूको चित्र देखाउँदै ती बाजाको नाम बारे विद्यार्थीको पूर्व ज्ञान परीक्षण गर्ने<br>-ती बाजाको सामान्य परिचय बताउने<br>- सम्भव भए बाजा नै प्रदर्शन गर्ने र सोको आवाज सुनाउने<br>- ती बाजाहरूको चित्र कोर्न लगाउने | - चित्रहरू<br>- भिडियो<br>- बाजाहरू<br>- श्रव्यदृश्यका सामग्रीहरू | - पञ्चेबाजा कसरी बजाइन्छ ?<br>- पञ्चेबाजामा कुन कुन बाजा समावेश हुन्छन् ?<br>पञ्चेबाजामा हुने बाजाहरूको चित्र बनाउनु होस् ।<br>- रत्यौली कहिले | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ११.तिहारमा खेलिने द्यौसी भैलोको नमूना प्रस्तुत गर्न । | | - विद्यार्थीको जानकारीमा रहेका नाचहरूको नाम बताउन मस्तिस्क मन्थन (Bren storming) गराउने ।<br>- आएका नामहरू बोर्डमा टिप्ने<br>- टिपिएका नामहरूबाट स्थानीय र अस्थानीय बाजाको नाम छुटाउन लगाउने<br>- बाँसुरी र कर्नाल बाजाको बारे छलफल गराउने<br>- आवश्यक जानकारी दिने ।<br>- सम्भव भए स्थानीय विज्ञ व्यक्तिलाई आमन्त्रण गरी प्रदर्शन गर्न लगाउने ।<br>(नाचका बारेमा पनि सोही क्रियाकलाप दोहऱ्याउने )<br><br>सङ्गीनी नाच नाच्न लगाउने ।<br><br>(सहजीकरणका लागि स्थानीय विज्ञ व्यक्तिको सहयोग लिन सकिन्छ ।) | | नाचिन्छ ?<br><br>विद्यार्थीले तयार गरेको चित्रका आधारमा मूल्याङ्कन गर्ने । | |
| ८.स्थानीय संस्कार र रहन सहन | १२.मृत्यू संस्कारका बारेमा बयान गर्न । | जन्मदेखि मृत्यूसम्मका गरिने सामाजिक र धार्मिक क्रियाकलापहरू संस्कार हुन् भनी बताउने । जस्तै : न्वारान, पास्नी, गुन्यूचोलो (छोरी) छेवार ( छोरा), विहे चारदाम, मृत्यू संस्कार डोवा, धुन्जे, घेवा आदि | - संस्कार बारे जानकारी दिने<br>- स्थानीय रूपमा गरिने मृत्यूसंस्कारका बारेमा बताउने<br>- मेटाकार्ड प्रयोग गरी ती संस्कारहरूको सामान्य जानकारी दिने ।<br>- उक्त संस्कारहरूसँग सम्बन्धित चित्र/भिडियो प्रदर्शन गर्ने ।<br>- ती चित्रको अनुकरण गरी चित्र कोर्न लगाउने | - उक्त संस्कारहरूसँग सम्बन्धित चित्र, भिडियो<br>- मेटाकार्ड<br>- अनुरोधपत्र<br>- प्रयोगात्मक शिक्षणका लागि आवश्यक सामग्री | - घेवा भनेको के हो ? यस संस्कारमा के के गरिन्छ ? बताउनु होस् ।<br><br>- ढिडो पकाउन कस्तो प्रक्रिया अपनाउनु पर्छ ?<br><br>गुन्द्रुक पकाउन अपनाउनु पर्ने विधि | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १३.ढिडो र गुन्द्रुक पकाउने विधि बताउन ।<br>खिर, जाउलो, सुजी, हलुवा बनाउने विधि बनाउन । | | - परिवारबाट विद्यार्थीलाई खाना पकाउन अभ्यासमा सहयोग गर्न अनुरोध पत्र पठाउने ।<br><br>- घरमा परिवारका सदस्यले ढिडो गुन्द्रुक पकाएको अवलोकन गर्ने र सोको अभ्यासमा संलग्न भइ अभ्यास गरेको प्रतिवेदन लेख्ने गृहकार्य दिने ।<br><br>- सम्भव भए विद्यालयमा प्रयोगात्मक शिक्षण गर्ने ।<br><br>- शिक्षकले आवश्यक सहजीकरण गर्ने । | | लेख्नुहोस् । | |
| ९.स्थानीय उब्जनीहरू | १४.कृषि उत्पादन सञ्चयका लागि अपनाइने विधिहरू बताउन<br><br>१५.कृषिकार्यमा सहयोग गरी सोको प्रतिवेदन बनाउन | भकारी, ढिकुटी, थाक्रो, सागको माला, मूलाको चाना आदि<br><br>ऋृतु अनुसार कुनै कृषिकार्यको अनुभव हासिल गराउने | - कृषि उत्पादन सञ्चयको आवश्यकता र महत्व बारे बताउने<br>-कृषि उत्पादन सञ्चयका लागि गरिने उपाय बारे समूहगत अन्तरक्रिया गराउने ।<br>- अन्तर्क्रियाको निचोड प्रस्तुत गर्न लगाउने ।<br>- अन्य समूहबाट टिप्पणी गर्न लगाउने ।<br>- टिप्पणी उपर स्पष्टिकरण दिन लगाउने ।<br>- चित्र/भिडियो प्रदर्शन गर्ने ।<br><br>- घरमा अभिभावकसँग कृषिकार्यमा सहभागी हुन प्रेरित गर्ने ।<br>कृषिकार्यमा सहभागी हुँदा गरिएका अनुभवहरू लेख्न लगाउने ।<br>- विद्यार्थीले लेखेका कुराहरू | - चित्रहरू<br>- आवश्यक औजारहरू<br>- विधि उल्लेखित चार्ट<br>- चित्र, भिडियो | कृषि उत्पादन सञ्चय गर्न अपनाइने उपायहरू के के हुन् ?<br><br>खाद्यान्न किन सञ्चय गर्नुपर्छ ?<br><br>समूह कार्य र परियोजना कार्यमा सक्रियताका आधारमा मूल्याङ्कन गर्ने । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कक्षामा प्रस्तुत गर्न लगाउने<br>- विद्यालयमा करेसा बारी भए विद्यार्थीलाई काम गर्न लगाउने र समूहगत प्रतिवेदन लेखाउने । | | | |
| १०.स्थानीय सीप, पेशा र व्यवसाय (स्थानीय आर्थिक क्रियाकलाप) | १६.स्थानीय उद्योग, व्यापार, कृषि आदि व्यवसायको सम्भाव्यता बारे जानकारी दिन ।<br><br>१७ स्थानीय स्तरमापाइने जडिबुटीहरू | जीवनयापनका लागि गरिने आयमूलक कार्य पेशा व्यवसाय हो ।<br><br>(कृषि -खेतीपाती, जडिबुटी, पशुपालन, कुखुरापालन, माछापालन आदि)<br>उद्योग (राडीपाखी, लप्सीको मादा बनाउने, गलैचा बुन्ने, बख्खु तयार गर्ने, स्थानीय कच्चा पदार्थ उपभोग्य बस्तु बनाउने (राइस मिल, मैदा मिल, क्रसर उद्योग आदि)<br>व्यापार ( दैनिक उपभोग्य, स्थानीय उत्पादन आदि)<br><br>जडिबुटीको परिचय, पहिचान र संरक्षण बारे जानकारी<br>जस्तैः सुनाखरी, चिराइतो, वेल, हर्रो, बर्रो, अमला, घिउकुमारी, सिउँडी, बुद्धचित्त,असुरो, तितेपाती | - पेशा व्यवसायको आवश्यकता विषयमा छलफल गराउने ।<br>- छलफलको निचोडलाई बोर्डमा टिप्ने । सारांश सुनाउने ।<br>- भविष्यमा अपनाउने पेशा बारे बताउन लगाउने ।<br>- स्थानीय उत्पादन सम्बन्धी सम्भावना बारे छलफल गराउने<br>- स्थानीय उत्पादन खपत बारे जानकारी गराउने<br><br>- पेशा व्यवसाय झल्किने चित्र वा भिडियो देखाउने ।<br><br>- स्थानीय स्तरमा पाइने जडिबुटीको परिचय, पहिचान, र संरक्षणको बारे जानकारी दिने<br><br>- जडिबुटीको महत्व बारे बताउने ।<br>- | चार्टहरू<br>चित्र वा भिडियो | मानिसले पेशा व्यवसाय किन गर्नु पर्दछ ?<br><br>स्थानीय रूपमा गर्न सकिने उद्योगहरू कुन कुन छन् ?<br><br>जडिबुटीको के महत्व छ ? आदि | १० |
| ११.स्थानीय खेलहरू | १८.स्थानीय रूपमा खेलिने खेलहरू खेल्न | स्थानीय रूपमा खेलिने खेलहरू | - स्थानीय खेलको परिभाषा बताउने | मोबाइल वा टेप रेकर्डर भिडियो, | खेलबाट हुने सामाजिक फाइदाहरू | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जस्तै : कपर्दी र बाघचाल<br><br><br>१९.कपर्दी खेलको शारीरिक र बाघचाल खेलको बौद्धिक महत्व बताउन । | जस्तै : कपर्दी र बाघचाल<br><br><br>कपर्दी खेलको शारीरिक र बाघचाल खेलको बौद्धिक महत्व | - कपर्दी र बाघचाल खेल्ने तरिका बारे बताउने<br>- खेल अभ्यास गराउने<br>- विजयी विद्यार्थी वा समूहलाई पुरस्कृत गर्ने ।<br>- कपर्दी खेलमा शारीरिक शक्ति र मानसिक शक्तिको महत्व बताउने<br>- बाघचाल खेलको बौद्धिक महत्व बताउने<br>- शारीरिक र मानसिक सीप विकास हुने ।<br>- समूहमा खेल्दा मेलमिलाप बढ्ने<br>- विवाद भए समाधानको सीप सिक्न सकिने<br>- खेल नियमले नियममा बस्नुपर्छ भन्ने ज्ञान दिने<br>- समूहगत रूपमा खेल्दा सामुहिक भावन विकास हुने ।<br>- प्रतिस्पर्धात्मक सामाजिक सीप विकास हुने । आदि | खेल सामग्री<br>खेलको नियम उल्लेख भएको चार्ट<br>पुरस्कारहरू । | के के हुन् ?<br><br>डण्डिवियो खेल्न आवश्यक सामग्री के के हुन् ?<br><br>खेल्ने सीपका आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२.हरित विद्यालय | २०.विद्यालयमा कक्षागत बाल बगैंचाको विकास र संरक्षण गरी समूहगत प्रतिस्पर्धा गर्न । | विद्यालयमा कक्षागत बाल बगैँचाको निर्माण | -बाल बगैचाको नमूना देखाउँदै विद्यालयमा बाल बगैचाको आवश्यकता बारे बताउने ।<br><br>- कक्षागत बाल बगैँचा निर्माणको योजना बनाउने (विद्यालय प्रशासन समक्ष विद्यार्थी मार्फत् प्रस्ताव, बाल बगैचाका लागि जग्गाप्राप्ति, आवश्यक औजारहरूको व्यवस्था, विद्यार्थीको कार्य विभाजन, बोटविरूवाको उपलब्धता आदि)<br>- बाल बगैचाको विकास र संरक्षणका लागि गर्नुपर्ने कार्यका विषयमा छलफल गराउने ।<br>-कार्य विभाजन चार्ट निर्माण गरी कक्षामा टाँस्ने<br>- प्रयोगात्मक रूपमा बगैचा तयार गर्न लगाउने ।<br>(विद्यार्थी सङ्ख्यालाई ध्यानमा राखी समूहगत रूपमा निश्चित सङ्ख्याका आधारमा बाल बगैँचा तयार गराउन सकिन्छ ।) | चित्र वा भिडियो<br>आवश्यक औजारहरू<br>विरूवाहरू<br>कार्य विभाजन चार्ट | विद्यालयमा बाल बगैँचा किन आवश्यक छ ?<br><br>सक्रियताका आधारमा मूल्याङ्कन गर्ने । | १२ |